जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल

(शिक्षा तथा खेलकुद विकास शाखा)

पत्र संख्या :- २०८१/०८२

चलानी नं. :- ३६५३

मितिः- २०८१/१०/१३

विषयः- कक्षा-८ को परीक्षा सम्बन्धी आवेदन फाराम भर्ने सूचना ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु

जनकपुरधाम उपमहानगरपालिका ।

प्रस्तुत विषयमा यस उपमहानगरपालिकाको आधारभूत तह उत्तीर्ण परीक्षा समितिको मिति २०८१/१०/१२ गतेको निर्णयानुसार कक्षा-८ को परीक्षा संचालन सम्बन्धमा तपसीलमा उल्लेख भए बमोजिम मिति २०८१/१०/१३ गते देखि २०८१/१०/२७ गते सम्म **IEMIS** बाट **Online** परीक्षा आवेदन फाराम भर्न भराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसीलः

१. फाराम भर्दा स्थानीय विषयको हकमा विद्यालयले अध्यापन गराएको विषयको नामावली ३ (तीन) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन ।विद्यालयबाट स्थानीय विषयको नाम आंए पछि पालिकाले अपलोड गर्ने प्रावधान रहेको ।

२. संस्थागत विद्यालयको हकमा विगत वर्षहरुमा झैं परीक्षा शुल्क प्रति विद्यार्थी रु. ५००/- को दरले सिंगल दस्तुरमा मिति २०८१/१०/२७ गते सम्म यस उपमहानगरपालिकाको राजश्व शाखामा नगद जम्मा गरी रसिद सहित विद्यार्थीको प्रवेश पत्र शिक्षा तथा खेलकुद विकास शाखामा पेश भएमा सिम्बल नं. कायम गरी प्रमाणित गरिने छ ।

३. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको हकमा निःशुल्क परीक्षा संचालन हुने भएकोले परीक्षा शुल्क तिर्नु नपर्ने ।

४. आवेदन फाराम-१ प्रति, प्रवेश-पत्र-२ प्रति, राजश्व भौचर र प्रयोगात्मक अंक (आधार सहित) समेत फारम भर्ने अन्तिम मिति २०८१/१०/२७ गते सम्म पेश गर्नुपर्ने । प्रयोगात्मक अंक सम्बन्धी फाराम पालिकाको शिक्षा तथा खेलकुद विकास शाखाबाट उपलब्ध हुनेछ ।

धीरेन्द्र लाल कर्ण
शिक्षा शाखा प्रमुख

(धीरेन्द्र लाल कर्ण)
शाखा प्रमुख
शिक्षा तथा खेलकुद विकास शाखा

बोधार्थः

१. श्री आर्थिक प्रशासन शाखा, जनकपुरधाम उप.महा.न.पा.।

२. श्री राजश्व शाखा,जनकपुरधाम उप.महा.न.पा.।